# प्रदेशका महत्वपुर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको आर्थिक विश्लेषण

(आ.व. २०७७/७८)

## कार्य क्षेत्रगत शर्त
## (Terms Of Reference)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकामः बुटवल, नेपाल

Scanned with CamScanner

१. पृष्ठभूमी

नेपालको भौगोलिक र जैविक विविधताको कारणले धेरै प्रकारका जडिबुटी र सुगन्धित बनस्पतिहरु पाइन्छन जसको मानव स्वास्थ्य र सौन्दर्यका लागि महत्वपूर्ण भूमिका रहेको हुन्छ । यिनीहरुको उचित व्यवस्थापन र प्रबन्ध गरी व्यवसायिक उत्पादन गर्न सकेमा आय आर्जनको राम्रो श्रोत बन्न सक्ने देखिन्छ ।

लुम्बिनी प्रदेशमा हिमाल, पहाड र तराई तीन वटै भौगोलिक क्षेत्र रहेकोले जडिबुटी उत्पादनको राम्रो सम्भावना रहेको छ । यहाँका भीर पाखाहरुमा जडिबुटी सजिलै उत्पादन गर्न सकिन्छ । यस प्रदेशमा उपलब्ध जडिबुटीहरुको पहिचान, व्यवसायिक उत्पादन र प्रशोधन गरी दीगो रुपमा आय आर्जनको माध्यम बनाउन सकिन्छ । प्रदेश भित्रका जडिबुटी तथा सुगन्धित बनस्पतिको बजारको राम्रो प्रबर्द्धन गर्न सकेमा आयआर्जनमा बृद्धि हुन गई गरीबी निवारणमा समेत टेवा पुग्ने देखिन्छ ।

प्रदेश सरकारको आ.ब. २०७७/७८ को नीति कार्यक्रममा जडिबुटी तथा सुगन्धित बनस्पतिको सम्भाव्यता अध्ययन गरी प्रत्येक जिल्लामा जडिबुटी तथा सुगन्धित बनस्पतिको पकेट कार्यक्रम संचालनलाई निरन्तरता दिइने तथा जडिबुटी प्रशोधनको विषय समेत समावेश गरिएको छ।

प्रदेश सरकारको आ.ब. २०७७/७८ को बजेट बक्तव्यमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (गै.का.ब.पै.)को व्यवस्थापनका लागि तेजपात, टिमुर, ओखर, अल्लो, चिउरी, महुवा लगायतका प्रजातिहरुको लागि पकेट क्षेत्र विकास गरिने, बन समूह तथा निजी क्षेत्रलाई जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती विस्तारका लागि ग्रामिण क्षेत्रमा घर-घरमा जडिबुटी कार्यक्रम अन्तरगत बिरुवा वितरण गरिने, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार प्रशोधन गरी मुल्य अभिबृद्धि गर्न निजी क्षेत्रलाई अनुदान दिने विषय समावेश गरिएको हुँदा जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको बिषय प्रदेश सरकारको उच्च प्राथमिकतामा परेको देखिन्छ ।

२. कार्यक्रमको लक्ष्यः लुम्बिनी प्रदेशका जडिबुटी तथा सुगन्धित बनस्पतिहरुको उत्पादन र प्रबर्द्धन गरी मानिसहरुको आय र रोजगारी बढाउन उपयुक्त हुने महत्वपुर्ण जडीबुटी तथा गैर काष्ठ बन पैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गरी तुलनात्मक रुपमा बढी आय आर्जन दिने जडिबुटी तथा सुगन्धित बनस्पतिहरुको प्रबर्द्धनमा सहयोग गर्नु रहेको छ ।

महाशाखा प्रमुख



Scanned with CamScanner

३. कार्यक्रमको उद्देश्यः यस प्रदेशको जडिबुटी तथा गैरकाष्ठ वनपैदावारको विवरण तयार गरी ती जडिबुटी तथा गैरकाष्ठ वनपैदावारहरुको विश्लेषण सहित अध्ययन गर्नु र आय आर्जन बढाई प्रदेश सरकारको आत्मनिर्भरता तर्फ अगाडि बढाउन सहयोग गर्नु यस कार्यक्रमको उद्देश्य रहेकोछ ।

४. कार्यक्षेत्रः परामर्शदाताले प्रदेशका महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गर्ने कार्यका लागि लुम्बिनी प्रदेशका बाह्रवटै जिल्लाहरुको भ्रमण गरी तथ्य तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, जडिबुटी र आयआर्जनको सहसम्बन्ध चित्रण गरी उपयुक्त सुझाव सहित प्रतिवेदन तयार गर्नु पर्नेछ ।

५. परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु :-

| सि. नं. | सम्पादन गर्नुपर्ने कार्यहरु | कार्यबोझ (प्रतिशत) |
|---|---|---|
| १. | लुम्बिनी प्रदेशमा पाइने महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गर्नका लागि प्रदेशको बाह्रवटै जिल्लाको स्थलगत भ्रमण गरी जिल्लागत र प्रदेशको स्तरमा NTFP प्रजातिको उपलब्धता (प्रचुरता), उपयोगिता र आर्थिक रुपले मूल्याङ्कन गरी Ranking गर्ने । | १०% |
| २. | महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको प्राकृतिक वासस्थानको उपलब्धताको परिमाण र नक्साङ्कन सहित मुख्य ५ वटा प्रजातिहरुका Business plan तयार गर्ने । | १०% |
| ३. | उक्त प्रतिवेदनमा संकटापन्न, लोपोन्मुख जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको वासस्थान, फैलावट लगायतका विषयवस्तुहरूको नक्साङ्कन सहितको विवरण तयार गरी संरक्षणका लागि गर्नुपर्ने कार्यहरूको अध्ययन गरी सिफारिस गर्ने । | १०% |
| ४. | जडिबुटी तथा गैरकाष्ठ वन पैदावारलाई स्वास्थ्योपचार, उद्यम, पर्यपर्यटन तथा समग्रमा आयआर्जन सँग जोडी विश्लेषणात्मक सुझाव सहितको प्रतिवेदन तयार गर्ने। | १०% |
| ५. | • आर्थिक रुपले महत्वपूर्ण जडिबुटी तथा गै.का.व.पै.को स्थानीय संकलन क्षेत्र, जिल्लास्तरका मुख्य बजारहरु र अन्तराष्ट्रिय सिमानाका बजारहरुमा भएको मूल्यको तुलना, स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा पारेको असर र स्थानीय तथा अन्तिम खपत सम्म सृजना भएको रोजगारीको स्पष्ट रुपमा चित्रण गर्ने ।<br>• रुपन्देही, कपिलवस्तु, बाँकेमा रहेका NTFP सम्बन्धी उद्योगहरुको क्षमता विश्लेषण गर्ने र profile तयार गर्ने । | १०% |
| ६. | विगत ३ वर्षमा संघ, प्रदेश र स्थानीय तहबाट NTFP को क्षेत्रमा भएको लगानी बजेट र कार्यक्रमको विश्लेषण गर्ने | १०% |



महाशाखा प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| ७. | विगत १० वर्षमा विभिन्न डि.व.का.हरुबाट निम्न बनक्षेत्रबाट छोडपूर्जी भएका जडीबुटी तथा गैरकाष्ठ वन पैदावरको विवरण तयार गर्ने<br>क. सरकारद्वारा स्वीकृत बन बाट<br>ख. सामुदायिक बन<br>ग. निजी वन/जग्गाबाट | १0% |
| ८. | • साविकका वर्षहरुको उपलब्ध राजश्व जिल्ला सदरमुकामको औषत बिक्री मूल्य पत्ता लगाउने र NTFP बाट प्रत्येक जिल्लामा प्राप्त भएको Money Inflow पत्ता लगाउने ।<br>• Market Chain पत्ता लगाउने । | १0% |
| ९. | • जिल्लागत रुपमा NTFP को Pocket क्षेत्रहरु र महत्वपुर्ण क्षेत्रको नक्सांकन गर्ने ।<br>• जिल्लामा कार्यरत जडिबुटी व्यापारी र उद्यमीहरुको Detail Information संकलन गर्ने । | १0% |
| १०. | विदेशबाट विगत ५ वर्षमा प्रदेश भित्र आयात भएका NTFP को विवरण र तथ्यांक update गर्ने । | १0% |
| | जम्मा | १00% |

६. कार्य सम्पादन गर्ने विधी (methodology)

६.१ फिल्ड जानु पहिले

परामर्शदाताले सान्दर्भिक नियम कानूनहरु, पन्ध्रौ योजना, प्रदेश सरकारको नीति कार्यक्रम, बजेट प्रदेश योजना आयोगबाट प्रकाशित प्रथम आवधिक योजना, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय, प्रदेश बन निर्देशनालयका साथै लुम्बिनी प्रदेशका सबै जिल्लाहरुमा डिभिजन बन कार्यालयहरु, अन्य सरकारी निकाय तथा संघ संस्थाबाट प्रकाशित तथा अप्रकाशित जडिबुटी तथा गैर काष्ठ बन पैदावारहरु सँग सम्बन्धित विषयहरुको अध्ययन तथा विश्लेषण गरी आवश्यक तथ्याङ्क प्राप्त गर्नुका साथै प्रदेशका महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ बन पैदावारहरूको उपलब्धता सहित वि वन पैदावर ले आयआर्जन र रोजगारीमा पारेको असरलाई चित्रण गरी प्रारम्भिक प्रतिवेदन Inception Report तयार गरी मन्त्रालयमा प्रस्तुती गर्ने ।

६.२ फिल्डमा गर्नुपर्ने कार्य र विधी

- लुम्बिनी प्रदेशका सबै जिल्लाहरुमा भ्रमण गरी सरोकारवाला कार्यालयहरुबाट प्रकाशित अप्रकाशित तथ्याङ्क लिई विश्लेषण गर्ने ।
- पकेट क्षेत्रको रुपमा रहेको स्थानहरुको श्रोत सर्वेक्षण गर्ने र वि.क्षेत्रको GIS, Geo-Referencing बाट नक्सा तयार गर्ने ।

महाशाखा प्रमुख



Scanned with CamScanner

- स्थानिय संकलनकर्ता र पहिलो तहको खरिदकर्ता बीच जिल्ला तहमा उपलब्धता, रोजगारी र आयआर्जनको विषय एवं सम्भाव्य खेती विस्तारको विषयमा छलफल गर्ने ।
- ठूला बजारमा (नेपालगन्ज, भैरहवा आदी) र ठूला प्रशोधन उद्योगहरुमा उपलब्धता आर्थिक प्रभाव र रोजगारीको समग्रतालाई गहन छलफल गर्ने र उपलब्ध तथ्यगत विवरण लिने ।
- सि.नं. ५ का क्र.सं. १ देखि १० सम्मका कार्यका लागि फिल्डस्तरमा संकलन गर्नुपर्ने अन्य तथ्यांक संकलन गर्ने ।

### ६.३ फिल्ड कार्य पश्चात गर्ने कार्य र विधी

- स्थलगत अध्ययनबाट प्राप्त विवरण तथा विभिन्न अभिलेखहरुको अध्ययनको आधारमा सि.नं. ५ का क्र.सं. १ देखि १० सम्मका सम्पुर्ण विषयहरू समेटी प्रतिवेदन तयार गर्ने ।
- प्रतिवेदन नेपाली भाषामा पेश गर्नुपर्ने, प्रतिवेदनको सारांश नेपाली र अंग्रेजी भाषामा लेख्नुपर्ने ।
- प्रदेशका महत्वपूर्ण जडीबुटी तथा गैर काष्ठ वन पैदावारहरूको आर्थिक विश्लेषण सहित अध्ययन गरी सुझाव पेश गर्ने ।
- प्रतिवेदनको Hardcopy दश प्रति र Soft Copy समेत पेश गर्ने ।

## ७. अनुगमन र सहजीकरण

सेवा प्रदायक संस्थाले मन्त्रालयको नियमित सम्पर्क र समन्वयमा काम गर्नु पर्नेछ । मन्त्रालयले आवश्यक ठानेको अवस्थामा अनुगमन गर्ने, सुझावहरु प्रदान गर्ने सहजीकरण गर्नुपर्ने अवस्थामा सम्बन्धित निकायहरु सँग सहजीकरण गर्न सक्नेछ ।

## ८. मन्त्रालयले गर्ने सहयोग

मन्त्रालयले मातहतका सम्बन्धित फिल्ड कार्यालयहरु सँग समन्वय र भए गरेका तथ्याङ्क/प्रकाशनहरुलाई उपलब्ध गराउन समन्वय गरिदिनेछ । यातायात खर्च, बास खर्च लगायत अध्ययन सँग सबै लाग्ने सम्पूर्ण खर्च परामर्शदाताले नै व्यहोर्नु पर्ने छ ।

## ९. परामर्श दाताले पेश गर्नुपर्ने प्रतिवेदनहरु र अन्य विषयहरु

### ९.१ प्रारम्भिक प्रतिवेदन (Inspection report)

- पहिले भएका समान प्रकृतिका अध्ययन र निचोडहरु
- अध्ययनको अन्तिम विधि
- सि.नं. ६.१ मा उल्लेखित विषयहरू

महाशाखा प्रमुख



Scanned with CamScanner

- प्रारम्भिक जानकारीहरु
- फिल्डको समय तालिका र समग्र कामको तालिका

## ९.२ फिल्ड प्रतिवेदन

- संकलन गरिएका तथ्याङ्क
- तयार गरिएका नक्साहरु
- अध्ययन गरिएका क्षेत्रको/स्थलको GPS location
- फिल्ड फोटोहरु
- विशेष महत्व भएका तथा उपलब्ध भएसम्मका लोपोन्मुख तथा संकटापन्न जडीबुटीहरूको फोटोहरू
- प्रशोधन उद्योगहरूको फोटो
- स्थानीय उपभोक्ताहरू तथा संकलनकर्तासँग भएका अन्तरकृया छलफलका माइनुटहरू

## ९.३ मस्यौदा प्रतिवेदन

कार्यक्रमको उद्देश्य बमोजिम संकलित तथ्याङ्कको विश्लेषण सहित सि.नं. ५ मा उल्लेखित सबै विषयहरु समेटिएको मस्यौदा प्रतिवेदन मन्त्रालयका सुझावको लागी पेश गर्नुपर्नेछ ।

## ९.४ कार्यशाला गोष्ठी

मन्त्रालयवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम मस्यौदा प्रतिवेदनलाई परामर्शदाताले मन्त्रालय र सरोकारवालाको उपस्थितीमा कार्यशाला गोष्ठीको आयोजना गरी सुझाव संकलन गर्नुपर्नेछ । यसको खर्च परामर्शदाताले बेहोर्नुपर्नेछ ।

## ९.५ अन्तिम प्रतिवेदन

मन्त्रालयमा भएको सरोकारवाला सँगको अन्तिम छलफलवाट प्राप्त सुझाव समेत समेटेर अन्तिम प्रतिवेदन तोकिएको मिति भित्रै पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्दा डिजिटल कपी, दश प्रति Hard copy (color print) र सम्झौतामा तोकिएका अन्य विवरणहरु पेश गर्नुपर्नेछ ।

# १०. समय सिमा

यस कार्यको लागि कुल ४ महिना १५ दिन समय तोकिएको छ । परामर्शदाताले निम्न समय सिमामा निम्न मुख्य कार्य सम्पादन गर्नुपर्नेछ ।

| सि.नं. | कार्य प्रगती सुचक | समय सिमा |
|---|---|---|



महाशाखा प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| १. | प्रारम्भिक प्रतिवेदन पेश | संझौता भएको मितिले १५ दिन भित्र |
| २. | फिल्ड प्रतिवेदन पेश | संझौता भएको मितिले २ महिना [illegible] दिन भित्र |
| ३. | मस्यौदा प्रतिवेदन पेश | संझौता भएको मितिले ३ महिना १५ दिन भित्र |
| ४. | अन्तिम प्रतिवेदन पेश | संझौता भएको मितिले ४ महिना १५ दिन भित्र |

## ११.मुख्य जनशक्ति, जनशक्तिको योग्यता र उपलब्ध गराउनु पर्ने समय

परामर्श दाताले कार्य सम्पादनको लागी निम्न जनशक्तिको टिम निम्न समयको लागी उपलब्ध हुने सुनिश्चिता गर्नुपर्नेछ ।

| क्र.सं. | विज्ञता | शैक्षिक योग्यता तथा अनुभव | जना | समय (महिना) |
|---|---|---|---|---|
| १. | वन विज्ञ (टिम लिडर) | जनरल फरेष्ट्रीमा स्नातकोत्तर र कम्तीमा ५ बर्षको कार्य अनुभव | १ | ४.५ |
| २. | वनस्पति विज्ञ | वनस्पति शास्त्रमा स्नातकोत्तर र कम्तीमा ५ बर्षको कार्य अनुभव | १ | ४.५ |
| ३. | सामाजिक/आर्थिक विज्ञ | अर्थशास्त्रमा स्नातकोत्तर र कम्तिमा ५ बर्षको कार्य अनुभव | १ | ३.५ |
| ४. | जि.आई.एस./ डाटाएनालिष्ट | तथ्याङ्क शास्त्रमा स्नातक तह पुरा गरी जि.आई.एस.सम्बन्धी ज्ञान हासिल गरेको तथ्याङ्क संकलन तथा विश्लेषणमा कम्तीमा ५ बर्षको कार्य अनुभव | १ | ३.५ |
| ५. | रेञ्जर | जनरल फरेष्ट्रीमा स्नातकोत्तर र कम्तीमा ५ बर्षको कार्य अनुभव | २ | ४.२५ |

नोट- छिटो र गुणस्तरिय कार्य सम्पादन गर्नको लागी परामर्शदाताले माथिउल्लेखित जनशक्ति बाहेक सोही बमोजिमको योग्यता पुगेका थप जनशक्ती परिचालन गरी कार्य सम्पन्न गर्न सक्नेछ र कार्य संचालन गर्नु पुर्व प्रयोग गरिएको थप जनशक्तिको विवरण र बायोडाटा यस मन्त्रालयमा पेश गर्नु पर्नेछ ।थप जनशक्ति प्रयोग भएको अवस्थामा सम्झौतामा उल्लेख भए बाहेक यस मन्त्रालयबाट थप रकम उपलब्ध गराईने छैन ।

## १२. परामर्शदाता संस्था/फर्म/कम्पनीको बान्छनीय योग्यता

प्रस्ताव गरेको काम सँगै मिल्ने समान प्रकृतिको कामको कम्तीमा पाँच वर्षको अनुभव परामर्शदातामा हुनुपर्दछ । उक्त कागजातका अतिरिक्त परामर्शदाताले प्राविधिक प्रस्ताव साथ निम्न कागजात पेश गर्नुपर्नेछ ।

- प्रस्ताव सम्बन्धी आवेदन



महाशाखा प्रमुख

Scanned with CamScanner

- संस्थाको उद्देश्य र लक्ष्यहरु
- संस्थाको कानूनी दस्तावेज (दर्ता, नवीकरण, भ्याट/प्यान दर्ता, कर चुक्ता)
- विगत ३ वर्षमा भएको कारोवारको विवरण
- कामसँग सम्बन्धित भौतिक संरचना औजार उपकरणहरुको उपलब्धता
- संस्था, कालो सूचीमा नपरेको स्वघोषित पत्र
- प्रस्ताव गरेका विज्ञहरुको सहमती पत्र, सोही समयमा अन्यत्र कार्य नगर्ने स्वघोषणा र व्यक्तिगत विवरण (CV)

## १३. सेवा प्रदायकको छनौट प्रकृया

(क) प्रस्ताव माग

ईच्छुक परामर्शदाता संस्थाहरुलाई पन्ध्र दिनको समय दिई सि.नं. १२ बमोजिमका कागजात सहित प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै शिलबन्दी गरी पेश गर्न राष्ट्रियस्तरको पत्रिका र कार्यालयको वेभसाईटमा सूचना प्रकाशन गरिनेछ । प्राविधिक र आर्थिक प्रस्तावको ढाचाँ अनुसुची (१) र अनुसुची (२) बमोजिम हुनेछ ।

(ख) प्रस्तावको छनौट

सि.नं. १३(क) बमोजिम पर्न आएका प्राविधिक तथा आर्थिक प्रस्तावहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेखित प्रावधानहरुको आधारमा रही मूल्याङ्कन गरिने छ । पहिले प्राविधिक प्रस्ताव मूल्याङ्कन गरेर मात्र आर्थिक प्रस्तावको मूल्याङ्कन गरिनेछ । प्राविधीक प्रस्तावको मूल्याङ्कन भार ८० % र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% हुनेछ । मूल्याङ्कनमा सवैभन्दा वढी अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ ।

## १४. कार्यक्रमको लागी बजेट

यस कार्यक्रमको लागी कूल रु. १३,९९,५५४/- (भ्याट समेत) रहेको छ ।



Scanned with CamScanner

## अनुसुची-१

## प्राविधिक प्रस्तावको ढाँचा

१. परामर्शदाताको परिचय

(नाम, ठेगाना, सम्पर्क व्यक्ति, ईमेल आदी)

२. परामर्शदाताको अनुभव

३. विस्तृत विधी (methodology)

४. कार्ययोजना (Action plan)

५. जनशक्ति  र उनीहरुको सहमति पत्र

६. अन्य आवश्यक विषय

नोटः परामर्शदाता सँस्थाले प्राविधिक प्रस्तावको साथमा सि.नं. १२ बमोजिमका कागजात समेत अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

## अनुसुची-२

## आर्थिक प्रस्तावको ढाँचा

| क्र.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जनशक्ती<br>क<br>ख<br>ग | | | | | |
| | बैठक/अन्तरकृया<br>छलफल<br>मसलन्द/सामग्री<br>सवार/यातायात<br>रिपोर्ट तयारी<br>विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कूल जम्मा | | | | | |



Scanned with CamScanner